# सरयू

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान

वर्ष २, अंक ७ २०८३ कार्तिक


## मासिक बिरामी प्रवाह विवरण

| SN | DEPNAME | TOTAL |
|---|---|---|
| 1 | CARDIOLOGY | 227 |
| 2 | DEPARTMENT OF DENTISTRY | 400 |
| 3 | DERMATOLOGY | 786 |
| 4 | EMERGENCY | 2615 |
| 5 | ENT | 895 |
| 6 | GENERAL PRACTICE & EMERGENCY MEDICINE | 1387 |
| 7 | GENERAL SURGERY | 1074 |
| 8 | MATERNITY WARD | 610 |
| 9 | MEDICINE | 3762 |
| 10 | NEURO SURGERY | 382 |
| 11 | OBSTETRICS GYNECOLOGY | 2271 |
| 12 | OCMC | 19 |
| 13 | OPHTHALMOLOGY | 1178 |
| 14 | ORTHOPEDIC | 1839 |
| 15 | OTHER DEPARTMENT | 28 |
| 16 | PAEDIATRICS | 1340 |
| 17 | PHYSIOTHERAPY | 586 |
| 18 | PSYCHIATRY | 580 |
| 19 | SELF INVESTIGATION | 226 |
| 20 | UROLOGY | 629 |
| **Total** | | **20834** |
| **OTHER SERVICES** | | |
| 1 | IPD | 1565 |
| 2 | Insurance | 6850 |
| 3 | X-ray Services | 5598 |
| 4 | USG | 2434 |
| 5 | ECHO | 486 |
| 6 | ECG | 615 |
| 7 | CT | 397 |
| 8 | MRI | 152 |
| 9 | Endoscopy | 69 |
| | ***Source: RAHS, IT Depart*** | |

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको नवौं वार्षिकोत्सव भव्यरूपमा मनाईयो: आर्थिक अभावका कारण बिरामी उपचारबाट बञ्चित हुनुहुँदैन: मन्त्री मेहता

दाङ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले आर्थिक अवस्था कमजोर भएकै कारण कुनै पनि बिरामी उपचारबाट बञ्चित हुन नहुने बताउनुभएको छ । दाङको घोराहीमा रहेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको हालै नवौं वार्षिकोत्सवलाई सम्बोधन गर्दै



मन्त्री मेहताले स्वास्थ्य सेवा जनमुखी हुनुपर्नेमा जोड दिनुभएको हो ।

प्रतिष्ठानकी सहकुलपति समेत रहनुभएकी मन्त्री मेहताले आर्थिक रुपमा कमजोर नागरिकलाई स्वास्थ्य सेवा प्रदान गर्ने गरी स्वास्थ्य संस्थामा दश प्रतिशत नि:शुल्क सेवाको व्यवस्था गरिएको भन्दै प्रभावकारी कार्यान्वयनमा जोड दिनुभएको थियो । 'आर्थिक अवस्था कमजोर भएकै कारण कोही पनि नागरिक सेवाबाट वञ्चित हुनुहुँदैन', मन्त्री मेहताले भन्नुभयो, 'त्यसका लागि प्रचलित व्यवस्था र मापदण्डअनुसार स्वास्थ्य संस्थाले उपलब्ध गराउनुपर्ने दश प्रतिशत नि:शुल्क सेवा प्रभावकारी रूपमा कार्यान्वयन भई लक्षित वर्गले लाभ पाउने वातावरण बन्नुपर्छ ।'

उपचार अस्पतालले गुणस्तरीय सेवासँगै बिरामी र कुरुवाका लागि स्वच्छ वातावरण, फोहोरको उचित व्यवस्थापन र कर्मचारीको सम्मानजनक व्यवहारमा पनि ध्यान दिनुपर्नेमा जोड दिनुभएको छ । दाङसँगै पश्चिम क्षेत्रको गौरवका रूपमा रहेको प्रतिष्ठानको सेवा विस्तार, आईसीयु र विशेष सेवा थप तथा औषधी व्यवस्थापनलाई प्राथमिकता दिएर काम भइरहेको भन्दै मन्त्री मेहताले प्रतिष्ठानले उपचार सेवासँगै अनुसन्धान कार्यलाई पनि अघि बढाउनुपर्ने

बताउनुभयो । स्वास्थ्य सेवाको विस्तारबारे बोल्दै मन्त्री मेहताले भन्नुभयो, 'स्वास्थ्य सेवा ठुलो हुनु भनेको भवन ठुलो हुनु मात्र होइन । सेवा पाउने बिरामीको संख्या बढ्नु, सेवाको गुणस्तर हुनु र उपचारका लागि आउने बिरामीको लाइन कम हुनु पनि हो । त्यसतर्फ प्रतिष्ठानले ध्यान दिनुपर्छ ।' बिरामीलाई अन्य अस्पताल रिफर गर्ने परिपाटीको अन्त्य गर्न आवश्यक जनशक्ति, उपकरण र व्यवस्थापनमा ध्यान दिनुपर्ने र आवश्यक शल्यक्रिया समयमै गरिनुपर्ने उहाँको भनाई थियो । प्रतिष्ठानको विकासमा संघीय, प्रदेश र स्थानीय सरकारसँगै समुदायको सहयोग आवश्यक भएको बताउनुभएको थियो ।




प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजय मिश्रको अध्यक्षतामा भएको कार्यक्रममा मन्त्रालयका सचिव विकास देवकोटाले प्रतिष्ठानलाई नागरिकले गुणस्तरीय सेवा पाउने थलोसँगै अनुसन्धान केन्द्रका रूपमा विकास गर्नुपर्ने बताउनुभएको थियो । उहाँले सरकार र नागरिकको सहकार्यबाट प्रतिष्ठान अहिलेको अवस्थामा आइपुगेको उल्लेख गर्दै ४ सय शैयाको अस्पताल भवन निर्माणका लागि सबैको सहयोग आवश्यक रहेको बताउनुभयो ।

कार्यक्रमका अन्य वक्ताहरुले दाङको गौरवका रुपमा रहेको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानलाई स्वास्थ्य सेवासँगै दक्ष जनशक्ति उत्पादन गर्ने केन्द्रका रुपमा विकास गर्नुपर्ने भन्दै त्यसका लागि स्थानीय, प्रदेश र संघीय सरकारसँगै स्थानीय नागरिकका बीचमा सहकार्य आवश्यक रहेकोमा जोड दिनुभएको थियो । कार्यक्रममा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताका प्रमुख सल्लाहकार मनोहर प्रधान, नेपाल पत्रकार महासंघ दाङका अध्यक्ष सन्तोष सुवेदी, नागरिक समाज दाङका पूर्व संयोजक चन्द्रराज पन्तलगायतले सम्बोधन गर्नुभएको थियो ।

प्रतिष्ठानले वार्षिकोत्सवकै अवसरमा प्रतिष्ठानमा मुटुरोगको उपचार सेवालाई थप प्रभावकारी बनाउने उद्देश्यले क्याथ ल्याब सञ्चालनमा ल्याइएको छ । मन्त्री मेहताले क्याथ ल्याबको उद्घाटन गर्नुभयो । यसको सञ्चालनले मुटुरोगको पहिचान र उपचारमा सहजता हुने तथा प्रतिष्ठानको विशेषज्ञ स्वास्थ्य सेवाको क्षमता विस्तार भई उपचारका लागि अन्यत्र जानुपर्ने बाध्यता कम हुने अपेक्षा गरिएको छ । प्रतिष्ठानका रजिस्ट्रार प्रा.श्याम लम्सालले स्वागत गर्दै अस्पतालको उपचारसहित शैक्षिक कार्यक्रम विस्तार बारे प्रगति बिवरण विस्तृतरुपमा सुनाउनु भएको थियो । रजिस्ट्रार लम्सालले ४ सय बेडको अस्पताल भवन निर्माणको हालसम्मको प्रगति र घोराही १८ स्थित नवलपुरको जग्गा प्रतिष्ठानको नाममा ल्याउन भइरहेको पहल बारे जानकारी दिनुभयो । वार्षिकोत्सवका अवसरमा खेलकुद कार्यक्रम सप्ताहव्यापी रुपमा गरिएको थियो । म्याराथन दौड, रक्तदान, बृक्षारोपणसहित विभिन्न खेलकुद कार्यक्रममा बिजयीहरुलाई प्रमाणसहित मेडल प्रदान गरिएको थियो । कार्यक्रमको सञ्चालन प्रतिष्ठानका शाखा अधिकृत शालीकराम कालाथोकीले गर्नुभएको थियो ।

## राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा क्याथ ल्याब सेवाको उद्घाटन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा क्याथ ल्याब सेवासञ्चालनमा आएको छ । प्रतिष्ठानको नवौं वार्षिकोत्सवका अवसरमा सेवा सुचारु भएको हो । क्याथ ल्याब सेवा सञ्चालनमा आएसँगै प्रतिष्ठानमा मुटुसम्बन्धी रोगको परीक्षण तथा उपचार सेवा विस्तार भएको छ । यसबाट दाङसहित आसपासका जिल्लाका नागरिकलाई मुटुसम्बन्धी उपचारका लागि टाढाका अस्पतालमा जानुपर्ने बाध्यता कम गर्न सहयोग पुग्ने विश्वास गरिएको छ ।



स्वास्थ्य मन्त्री निशा मेहताले क्याथ ल्याब सेवा सञ्चालनले यस क्षेत्रको स्वास्थ्य सेवामा महत्वपूर्ण योगदान पुऱ्याउने बताउनुभयो । उहाँले प्रतिष्ठानको सेवालाई थप प्रभावकारी, गुणस्तरीय र जनमुखी बनाउँदै नागरिकलाई आफ्नै क्षेत्रमा सहज रूपमा विशेषज्ञ स्वास्थ्य सेवा उपलब्ध गराउनुपर्नेमा जोड दिनुभयो । प्रतिष्ठानलाई ४ सय शैयाको अस्पतालका रूपमा विकास गर्ने विषयमा समेत कार्यक्रममा छलफल भएको थियो । मन्त्री मेहताले प्रतिष्ठानको सेवा बिस्तार र स्तरोन्नतिका लागि स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयका तर्फबाट आवश्यक सहयोग र समन्वय गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

## राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको सह-निर्देशकमा डा.खनाल र सहायक मेट्रोनमा न्यौपाने



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानले लेक्चरर डा.निरोज खनाललाई सह-निर्देशक र नर्सिङ अधिकृत बिनु न्यौपानेलाई सहायक मेट्रोनको जिम्मेवारी तोकेको छ ।

प्रतिष्ठानका रजिस्ट्रार प्रा.श्याम लम्सालद्वारा जारी पत्रअनुसार डेन्टल विभागका लेक्चरर डा.निरोज खनाललाई राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान ऐन, २०७४ को दफा २४ तथा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान (विभिन्न निकाय तथा पदाधिकारीको बैठक सञ्चालन, काम, कर्तव्य र अधिकार तथा पारिश्रमिक र सुविधा सम्बन्धी) नियमावली, २०७४ बमोजिम अर्को व्यवस्था नभएसम्मका लागि सह-निर्देशकको जिम्मेवारी तोकिएको हो ।

पत्रमा प्रतिष्ठानको सर्वोपरी हितलाई ध्यानमा राख्दै तोकिएको जिम्मेवारी इमानदारी र बफादारीपूर्वक निर्वाह गर्ने विश्वास व्यक्त गरिएको छ । त्यस्तै, प्रतिष्ठानको शिक्षण अस्पतालअन्तर्गत नर्सिङ अधिकृत बिनु न्यौपानेलाई सहायक मेट्रोनको कार्यभार सम्हाल्ने गरी अतिरिक्त जिम्मेवारी तोकिएको छ । प्रतिष्ठानले जारी गरेको पत्रमा नर्सिङ अधिकृतका रूपमा हालसम्म उहाँले निर्वाह गरेको भूमिकाप्रति धन्यवाद ज्ञापन गर्दै नयाँ जिम्मेवारीसमेत कुशलतापूर्वक निर्वाह गर्ने विश्वास व्यक्त गरिएको छ । दुवै पत्रमा रजिस्ट्रार प्रा.लम्सालले हस्ताक्षर गर्नुभएको छ ।

## बंगलाचुली अस्पतालमा सेवा बिस्तार गर्ने विषयमा राप्ती प्रतिष्ठान र गाउँपालिकाबीच छलफल



दाङ । स्वास्थ्य तथा खाद्य सुरक्षा मन्त्री निशा मेहताको निर्देशनअनुसार राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र दाङको बङ्गलाचुली गाउँपालिकाबीच बङ्गलाचुली अस्पतालमा स्वास्थ्य सेवा विस्तार गर्ने विषयमा छलफल भएको छ । प्रतिष्ठानका पदाधिकारी र गाउँपालिका अध्यक्षबीच हालै भएको छलफलमा बङ्गलाचुली अस्पताललाई प्रतिष्ठानको स्याटेलाइट अस्पतालका रूपमा विकास गर्दै स्थानीय नागरिकलाई सहज र सुलभ रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने विषयमा छलफल भएको हो । छलफलमा राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजय कुमार मिश्र, रजिस्ट्रार प्रा.श्याम लम्साल, अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइली तथा बङ्गलाचुली गाउँपालिकाका अध्यक्ष तुलसीराम पुन (सुबास) सहभागी हुनुहुन्थ्यो ।

छलफलका क्रममा प्रतिष्ठान र गाउँपालिकाबीच सहकार्य गरी बङ्गलाचुली अस्पतालमा स्वास्थ्य सेवाको पहुँच बिस्तार गर्ने, आवश्यक जनशक्ति तथा स्वास्थ्य सेवाको व्यवस्थापन गर्ने र स्थानीय नागरिकलाई उपचारका लागि टाढा जानुपर्ने बाध्यता कम गर्ने विषयमा छलफल भएको

जनाइएको छ । प्रतिष्ठानको स्याटेलाइट अस्पतालका रूपमा सेवा विस्तार गर्न सके बङ्गलाचुली क्षेत्रका नागरिकले आफ्नै क्षेत्रमा थप स्वास्थ्य सेवा प्राप्त गर्ने अपेक्षा गरिएको छ । यसबाट ग्रामीण तथा दुर्गम क्षेत्रका नागरिकलाई स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन सहयोग पुग्ने विश्वास गरिएको छ ।

छलफलमा बोल्दै प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्रले प्रतिष्ठानको स्वास्थ्य सेवालाई समुदायस्तरसम्म विस्तार गर्ने उद्देश्यले गाउँपालिकासँग सहकार्य अघि बढाइएको बताउनु भयो । उहाँले सेवा विस्तारको बारेमा छलफल सुरु भएको र आगामी योजनासहित गाउँपालिका र प्रतिष्ठानबीच सम्झौता हुने जानकारी दिनुभयो । त्यस्तै, प्रतिष्ठानका रजिस्ट्रार प्रा.श्याम लम्सालले सेवा विस्तारका लागि आवश्यक समन्वय, व्यवस्थापन तथा संस्थागत सहकार्य महत्वपूर्ण रहेको बताउनुभयो ।

प्रतिष्ठानका अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइलीले बङ्गलाचुली अस्पताललाई स्याटेलाइट अस्पतालका रूपमा विकास गर्दा स्थानीयस्तरमै स्वास्थ्य सेवा उपलब्ध गराउन सहयोग पुग्ने बताउनुभयो । बङ्गलाचुली गाउँपालिकाका अध्यक्ष तुलसीराम पुन (सुबास) ले गाउँपालिकाका नागरिकलाई सहज रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउन प्रतिष्ठानसँगको सहकार्य महत्वपूर्ण हुने बताउनुभयो ।

## राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको ९औँ वार्षिकोत्सवमा ७ किलोमिटर म्याराथन




दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको ९औँ वार्षिकोत्सवको अवसरमा हालै ७ किलोमिटर म्याराथन दौड आयोजना गरिएको छ । दौडमा प्रतिष्ठानका चिकित्सक, नर्स, शिक्षक तथा कर्मचारी गरी करिब २ सय जनाको सहभागिता रहेको थियो । दौड प्रतियोगिताको उद्घाटन प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.रामनारायण मण्डलले गर्नुभएको थियो । कार्यक्रमा प्रतिष्ठानका रजिस्ट्रार प्रा.श्याम लम्साल, डिन प्रा.डा.कृष्णकुमार झा र अस्पताल निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइली, विभिन्न विभागका प्रमुख लगायतको उपस्थितिमा म्याराथन सम्पन्न भएको हो ।

प्रतिष्ठानको बेसिक साइन्स भवनबाट सुरु भएको दौड घोराहीको तुलसीपुर चोक हुँदै गुलरिया पार्क पुगेर पुनः बेसिक साइन्स भवनमै आएर समापन भएको हो । दौडमा पुरुषतर्फ दिवाकर मल्ल प्रथम, बिनय चौधरी द्वितीय र विज्ञान शाही तृतीय भएका छन् । त्यस्तै महिलातर्फ पवन थापा प्रथम, पुष्पाञ्जली ठाकुर द्वितीय र अप्सना खातुन तृतीय भएका छन् । प्रतियोगितामा सहभागी सबैलाई प्रमाणपत्र प्रदान गरिने प्रतिष्ठानले जनाएको छ । दौडमा प्रथम, द्वितीय र तृतीय हुनेलाई प्रमाणपत्रसँगै मेडलसमेत प्रदान गरिनेछ ।

## हापुरमा लागूपदार्थ सेवनका असरबारे स्वास्थ्य सचेतना कार्यक्रम

दाङ, २१ असोज । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा BSc Nursing दोस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरूले हालै घोराही उपमहानगरपालिका-१२ स्थित श्री माध्यमिक विद्यालय, हापुरमा लागूपदार्थ सेवनबाट हुने असर तथा रोकथामसम्बन्धी स्वास्थ्य सचेतना कार्यक्रम हालै सञ्चालन गरेका छन् । कार्यक्रममा घोराही उपमहानगरपालिका-१२ का वडा अध्यक्ष द्रोण बहकरी, विद्यालयका सह-प्रधानाध्यापक नरेशकुमार खड्कासहित अभिभावक, विद्यार्थी तथा स्थानीय टोलबासीको सहभागिता रहेको थियो ।



कार्यक्रममा लागूपदार्थ सेवनले मानव स्वास्थ्य, परिवार तथा समाजमा पार्ने नकारात्मक असर, दुर्व्यसनबाट बच्ने उपाय तथा स्वस्थ जीवनशैलीका विषयमा विद्यार्थी तथा समुदायलाई जानकारी गराइएको थियो । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका BSc Nursing दोस्रो वर्षका विद्यार्थीहरूले स्वास्थ्य सचेतना प्रदान गर्दै लागूपदार्थको दुर्व्यसनबाट विशेषगरी युवापुस्तालाई जोगाउन परिवार, विद्यालय र समुदायबीच सहकार्य आवश्यक रहेकोमा जोड दिएका थिए । कार्यक्रममा प्रतिष्ठानका शिक्षकहरु केशव भण्डारी, गीता राई, सुशान्त सापकोटा, प्रतीक्षा राना र अनिता देवकोटाको सहजीकरण तथा मार्गदर्शन रहेको थियो ।

# राप्ती प्रतिष्ठानमा स्वास्थ्य सेवामा मानवीय मूल्य र करुणासम्बन्धी कार्यशाला



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान, घोराहीमा स्वास्थ्य सेवामा मानवीय मूल्य, करुणा र आध्यात्मिक दृष्टिकोणको महत्वबारे अभिमुखीकरण गर्ने उद्देश्यले एक दिने कार्यशाला हालै सम्पन्न गरिएको छ । प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.रामनारायण मण्डलको अध्यक्षता एंव ब्रह्माकुमारीज राजयोग एजुकेशन एण्ड रिसर्च फाउण्डेसनको मेडिकल विङ्गका संयुक्त सचिव एंव विहासा कार्यक्रमका संयोजक डा.सचिन परब र भारत सरकारको स्वास्थ्य क्षेत्र अन्तर्गत अस्पताल व्यवस्थापन विज्ञ तथा विहासा राष्ट्रिय प्रशिक्षक डा.प्रीति मदानको विशेष उपस्थितिमा कार्यक्रम उद्घाटन गरिएको हो ।

राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र ब्रह्माकुमारीज नेपाल क्षेत्रीय शाखा घोराहीको संयुक्त आयोजना तथा विहासाकार्यक्रम टोलीको सहकार्यमा आयोजित कार्यशालामा प्रतिष्ठानका विभिन्न विभागका विभागीय प्रमुख, शिक्षक, चिकित्सक, नर्स, कर्मचारीको सहभागीता रहेको थियो । स्वास्थ्य सेवालाई थप मानवीय, संवेदनशील र सेवामुखी बनाउन सहयोग पुऱ्याउने उद्देश्यले कार्यक्रम गरिएको आयोजक संस्थाले जनाएको छ । स्वास्थ्य सेवामा आध्यात्मिक दृष्टिकोण भन्ने अवधारणामा आधारित कार्यशालामा स्वास्थ्यकर्मीको ज्ञान र प्राविधिक दक्षतासँगै करुणा, सहानुभूति, धैर्य, सकारात्मक सोच तथा भावनात्मक सन्तुलनको महत्वबारे चर्चा गरिएको प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा.रामनारायण मण्डलले जानकारी दिनुभयो ।

कार्यशालामा बिरामीको उपचार केवल रोगको निदान र औषधी उपचारमा सीमित नराखी उनीहरूको मानसिक, भावनात्मक तथा आध्यात्मिक अवस्थालाई समेत ध्यान दिनुपर्नेमा मण्डलले जोड दिनुभयो । स्वास्थ्यकर्मीले बिरामीसँग गर्ने व्यवहार, संवाद र सहानुभूतिपूर्ण सेवाले उपचार प्रक्रियामा सकारात्मक प्रभाव पार्ने विषयलाई पनि कार्यशालाको मुख्य पक्षका रूपमा प्रस्तुत गरिएको उहाँले बताउनुभयो । स्वास्थ्यकर्मीहरुको बोली, वचनले बिरामीको स्वास्थ्य उपचारमा ठूलो भूमिका हुने भन्दै शिक्षाध्यक्ष मण्डलले यी कुरालाई आफ्नो कार्यस्थलमा काम गर्दा विशेष प्राथमिकता दिनुपर्ने बताउनुभयो ।

कार्यशालामा ब्रह्माकुमारीज राजयोग एजुकेशन एण्ड रिसर्च फाउण्डेसनको मेडिकल विङ्गका संयुक्त सचिव एवं विहासा कार्यक्रमका संयोजक डा.सचिन परब र भारत सरकारको स्वास्थ्य क्षेत्र अन्तर्गत अस्पताल व्यवस्थापन विज्ञ तथा विहासा राष्ट्रिय प्रशिक्षक डा.प्रीति मदानले, ब्रह्माकुमारीज नेपालका गीता दिदीलगायतले स्वास्थ्य सेवामा मानवीय मूल्य र आध्यात्मिक अभ्यासको महत्वबारे सहजीकरण गर्नुभएको थियो । कार्यक्रममा ध्यान तथा आत्मचिन्तनको अभ्याससमेत समेटिएको थियो । ध्यान र आत्मचिन्तनले मानसिक शान्ति, सकारात्मक सोच, भावनात्मक सन्तुलन तथा सेवाभाव विकास गर्न सहयोग पुग्ने विषयमा सहभागीलाई उहाँहरुले जानकारी दिनुभएको थियो ।

स्वास्थ्य सेवा केवल व्यावसायिक जिम्मेवारी नभई मानवीय सेवा गर्ने अवसरसमेत भएकाले स्वास्थ्यकर्मीले आफ्नो दैनिक कार्यसम्पादनमा करुणा, सहानुभूति र सकारात्मक व्यवहारलाई आत्मसात् गर्नुपर्ने सन्देश कार्यशालाले दिएको प्रतिष्ठानका इमर्जेन्सी विभागका प्रमुख प्रा.डा.केके राईले बताउनुभयो । साथै उहाँले स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्दै बिरामीप्रति संवेदनशील, उत्तरदायी र मानवीय व्यवहार विकास गर्न सहयोग पुग्ने अपेक्षा गरिएको बताउनुभयो । कार्यक्रमको सञ्चालन ब्रह्माकुमारीज नेपालका तर्फबाट माधव तिमिल्सीनाले गर्नुभएको थियो ।

# राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका सह-निर्देशक डा.निरोज खनालद्वारा पदभार ग्रहण



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानका लेक्चरर डा.निरोज खनालले प्रतिष्ठानको सह-निर्देशक (Deputy Director) को जिम्मेवारी प्राप्त गर्नुभएको छ । दन्त रोग विभागमा कार्यरत उहाँ मुख तथा अनुहार शल्य चिकित्सक (म्याक्सिलोफेसियल सर्जन) हुनुहुन्छ । उहाँ हालै औपचारिक रूपमा पदभार ग्रहण गर्नुभएको हो । पदभार ग्रहणका अवसरमा प्रतिष्ठानका निर्देशक सह-प्राध्यापक डा.सुरेश रसाइलीले खादा र टीका लगाएर सह-निर्देशक डा.खनाललाई स्वागत गर्नुभएको थियो ।

सो अवसरमा उपस्थित चिकित्सक तथा कर्मचारीहरूले डा.खनाललाई नयाँ जिम्मेवारीका लागि बधाई तथा शुभकामना व्यक्त गर्नुभएको थियो । उहाँको कार्यकाल सफल रहोस् भन्ने कामना गर्दै प्रतिष्ठानको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउन योगदान पुग्ने अपेक्षा गरिएको छ ।

# असोज महिनामा स्वास्थ्य बिमाबाट ६ हजार ४ सय बढीले सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको असोज महिनामा स्वास्थ्य बिमा सेवाबाट ६ हजार बढी बिरामीले स्वास्थ्य उपचार सेवा पाएका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार विभिन्न विभागबाट गरेर बितेको एक महिनाको अवधिमा ६ हजार ४ सय ४१ जना बिरामीहरुले बिमा सेवाबाट उपचार सेवा लिएका हुन् ।

यो संख्या इमर्जेन्सी र ओपीडीबाट सेवा लिएका बिरामीको हो । प्रतिष्ठानका अनुसार असोजमा विभिन्न विभागहरुबाट ६ हजार ५ जना बिरामीले ओपीडी र ४ सय ३६ जना बिरामीले इमर्जेन्सी सेवा प्राप्त गरेका छन् । जसअनुसार मुटु रोगबाट ९५ जना, दन्त रोगबाट १ सय ४२ जना, छाला रोगबाट १ सय ७८ जना, नाक, कान, घाँटी रोगबाट २ सय ६५ जना, एम्डीजीपीबाट ४ सय ५ जना, जनरल सर्जरीबाट ४ सय जनाले प्राप्त गरेका छन् । त्यस्तै मेडिसिनतर्फ २ हजार ६ सय ३० जना, न्युरोसर्जरीबाट ६२ जना, प्रसुती सेवाबाट ४ सय ९ जना, आँखा रोग उपचार सेवाबाट २ सय ८१ जना, अर्थोपेडिक सेवाबाट ५ सय ४२ जना, बाल रोग उपचार सेवाबाट २ सय ८ जना, मानसिक रोग उपचार सेवाबाट १ सय ७५ जना र युरोलोजी सेवाबाट २ सय १३ जनाले एक महिनाको अवधिमा पाएका छन् ।

# प्रतिष्ठानमा असोज महिनामा ९९ जना मृगौलामा पत्थरी भएका बिरामीको सफल शल्यक्रिया

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा युरोलोजी मूत्ररोग सेवा सुरु भएपछि सेवाबाट लाभान्वित हुने बिरामीको संख्या बढ्दै गएको छ । प्रतिष्ठानका युरोलोजिस्ट सर्जन डा.सुशिल खनियाँको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीसहितको टोलीले सानादेखि ठूला शल्यक्रिया नियमित रूपमा सञ्चालन गर्दै आएको छ ।

प्रतिष्ठानका अनुसार युरोलोजी ओपीडी (बाह्य बिरामी विभाग) मार्फत दैनिक ७० भन्दा बढी बिरामीले परामर्श तथा उपचार सेवा लिइरहेका छन् । प्रतिष्ठानको तथ्याङक अनुसार साना तथा ठूला गरेर असोज १ देखि ३१ गतेसम्म युरोलोजी विभागबाट सामान्यदेखि जटिल प्रकृतिका गरेर ९९ जना मृगौलामा पत्थरी भएका बिरामीको सफल शल्यक्रिया गरिएको छ । एक महिनाको अवधिमा ४ सय ४६ जना बिरामीहरुले युरोलोजी अन्तर्गतको ओपीडी सेवा प्राप्त गरेका छन् भने ७० जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ ।

यसअघि जिल्लामा युरोलोजी सेवा नहुँदा सामान्यदेखि विशेषज्ञ उपचारका लागि बिरामीलाई बाहिरका सहर जानुपर्ने बाध्यता थियो । तर, प्रतिष्ठानमा अत्याधुनिक उपकरणसहित यो सेवा विस्तार भएपछि युरोलोजी सेवा अत्यन्तै प्रभावकारी हुँदै गएको छ । युरोलोजी सेवाअन्तर्गत पिसाबसम्बन्धी रोग, प्रोस्टेट, मिर्गौलाको पत्थरी, पित्तथैलीको पत्थरी, पिसाबको नलीसम्बन्धी समस्या, अण्डकोषमा मासु पलाउने वा सुन्निने, पिसाब पोल्ने वा चुहिने लगायतका रोगहरूको उपचार प्रतिष्ठानमा गर्न सकिने युरोलोजिष्ट डा.खनियाँले जानकारी दिनुभयो । उहाँका अनुसार युरोलोजी सेवा लिने बिरामीको संख्या दिनदिनै बढ्दो क्रममा छ । प्रतिष्ठानमा विशेषज्ञ चिकित्सकसहितको युरोलोजी सेवा अत्यन्त प्रभावकारी

बनेको बताउँदै स्थानीय स्तरमै विशेषज्ञ उपचार सेवा प्राप्त गर्न पाउँदा बिरामीहरू खुसी भएका छन् । डा.खनियाँ लामो समयदेखि प्रतिष्ठानमा युरोलोजी सेवा प्रदान गर्दै आउनुभएका अनुभवी चिकित्सकका रुपमा परीचित हुनुहुन्छ ।

# राप्ती प्रतिष्ठानमा १ हजार बढीले पाए आँखा सम्बन्धी रोगको उपचार

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा पछिल्लो पटक आँखाको उपचारका लागि आउने बिरामीको संख्या बढ्दै गएको छ । अनुभवी आँखा रोग विशेषज्ञका रुपमा रहनु भएका प्रतिष्ठानका अस्पताल निर्देशक, सह-प्राध्यापक डा.सुरेश रसाइलीले सेवा सुरु गरेपछि आँखाको उपचारका लागि आउने बिरामीको संख्या बढेको हो । हाल प्रतिष्ठान आँखा उपचारका लागि प्रमुख उपचार केन्द्रका रुपमा स्थापित हुँदै गएको छ । आँखा रोगका विशेषज्ञ चिकित्सकहरुबाट नै प्रतिष्ठानमा आँखा रोगको सामान्यदेखि जटिल उपचार हुन थालेपछि उपचारमा आउने बिरामीको संख्या पनि बढ्दै गएको हो । केही समय पहिले रुकुम, रोल्पा, सल्यान वा प्युठानका बिरामीहरूका लागि आँखाको जटिल रोगको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने बाध्यता रहदै आएकोमा प्रतिष्ठानमा आँखाको उपचार सुरु भएपछि बिरामीको त्यो बाध्यता बिस्तारै हट्दै गएको भन्दै बिरामीहरुले स्थानीयस्तरमा नै विशेषज्ञबाट आँखा उपचारको सेवा पाउनु अत्यन्तै खुशीको कुरा रहेको बताउदै आएका छन् । जिल्लामै आँखाको राम्रो उपचार पाउन थालेपछि सेवा लिन आउने बिरामीहरु अत्यन्तै हर्षित भएका छन् । चालु आर्थिक वर्षको असोज महिनामा मात्रै प्रतिष्ठानमा २३ जना बिरामीको आँखाको अप्रेसन गरिएको छ । जसमा गम्भीर प्रकृतिको २ जना र सामान्य प्रकृतिको २१ गरेर जम्मा २३ जनाको अप्रेसन गरिएको हो ।

डा.सुरेशको नेतृत्वमा चिकित्सक, नर्स, स्वास्थ्यकर्मीको सहभागितामा सानादेखि गम्भीरखालका आँखाको उपचारदेखि अप्रेसन प्रतिष्ठानमा हुँदै आएका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार गएको असोज १ गतेदेखि ३१ गतेसम्म सो संख्यामा आँखाका बिरामीहरुको अप्रेसन भएको हो । आँखारोग विभागका प्रमुखसमेत रहनु भएका रसाइलीका अनुसार १ हजार १ सय २६ जना आँखाका बिरामीले ओपीडीमार्फत सेवा पाएका छन् भने १५ जना बिरामीको भर्ना गरेर आँखाका उपचार गरिएको छ । कुनै बेला दाङमा आँखाको उपचार गर्ने अस्पताल राम्रो नहुँदा बिरामीहरुले निकै सास्ती ब्यहोर्नु परेको थियो । आँखाको उपचार गर्नु केवल स्वास्थ्य समस्या मात्र होइन, आर्थिक र मानसिक पीडाको अर्को नाम पनि थियो । उपचारका लागि काठमाडौं धाउनुपर्ने, महँगो खर्च, बसोबासको समस्या र लामो पालो–यी सबै बाध्यताले धेरै बिरामी समयमै उपचारबाट बञ्चित हुने गर्थे । तर अहिले जिल्लाकै प्रतिष्ठानमा आँखाको उपचार भरपर्दो र बिश्वासिलो भएपछि परिदृश्य फेरिएको छ ।

प्रतिष्ठानले सुरु गरेको आँखा सम्बन्धी उच्चस्तरीय विशेष सेवा विस्तारसँगै दुर्गमका बिरामीका लागि आशाको नयाँ ढोका खुलेको छ । अब रुकुम-रोल्पाका बिरामीहरू काठमाडौं होइन, दाङमै आएर अत्याधुनिक उपचार पाइरहेका छन् । आँखा रोग विशेषज्ञ सह-प्रा.डा.रसाइलीले प्रतिष्ठानमा आँखाको कोटरसम्बन्धी उपचार, आँखाको प्लास्टिक तथा पुनर्निर्माण शल्यक्रिया र आँखाको क्यान्सर उपचारजस्ता सेवाहरू विस्तार गरेसँगै जटिल आँखाका रोगहरूको उपचार जिल्लामै सम्भव भएको छ । “पहिला बिरामीहरूलाई काठमाडौं जानैपर्ने बाध्यता थियो, तर अहिले यहाँकै सेवाले त्यो अवस्था अन्त्य भएको छ,” उहाँले भन्नुभयो ।

आँखाको अप्रेसन धमाधम हुन थालेपछि प्रतिष्ठानको क्षमतामात्र होइन, दुर्गम क्षेत्रका बिरामीको भरोसा पनि बढेको छ । त्यसैगरी, आँसु नली खोल्ने तथा पुनर्निर्माण गर्ने शल्यक्रिया, कालो मोतियाको उपचार, तथा सौन्दर्यसम्बन्धी आँखा शल्यक्रिया समेत प्रतिष्ठानमा उपलब्ध छन् । माथिल्लो र तल्लो आँखा ढकनी मिलाउने शल्यक्रियादेखि अनुहार सुन्दर बनाउन दिइने विशेष सुई सेवा पनि सञ्चालनमा छ । दृष्टि पर्दाको विस्तृत परीक्षण, आँखाको दृष्टि फैलावट जाँच्ने सेवा, नानीको बनावट परीक्षणजस्ता अत्याधुनिक जाँच सेवाहरू पनि यहीँ उपलब्ध छन् । मधुमेह, उच्च रक्तचाप र थाइराइडका कारण आँखामा पर्ने असरको परीक्षण र उपचार पनि यहीँ हुँदै आएको छ । साथै, विशेष किसिमको लेजर उपचार सेवा पनि सञ्चालनमा छ । अब उपचारका लागि राजधानी धाउनुपर्ने बाध्यता हटेको छ ।

आँखाको उपचारका लागि डा.रसाइलीको नेतृत्वमा रहेको टोलीलाई बिरामीहरूले ‘विश्वासिलो’ मात्र होइन, ‘काठमाडौंकै स्तरको सेवा दिने’ भनेर समेत मूल्यांकन गर्न थालेका छन् । यससँगै, आँखा वरिपरि वा अनुहारको हड्डी भाँचिएका बिरामीहरूको लागि आधुनिक तरिकाले पुनर्निर्माण शल्यक्रिया पनि यहीँ सम्भव भएको छ । प्रतिष्ठानले आगामी दिनमा अझ अत्याधुनिक उपकरण र विशेषज्ञ जनशक्ति थप गर्ने योजना बनाएको छ । यसले लुम्बिनी प्रदेश मात्र होइन, कर्णाली र सुदूरपश्चिमका बिरामीहरूलाई समेत ठूलो राहत दिने अपेक्षा गरिएको छ । कुनै समय ‘काठमाडौं जानैपर्छ’ भन्ने बाध्यता बोकेका दुर्गमका बिरामीहरूका लागि दाङको प्रतिष्ठान अहिले उपचारको नयाँ केन्द्र बनेको छ । जसका कारण जहाँ दूरी घटेको छ, खर्च घटेको छ, र आशा बढेको उपचारमा आएका बिरामीहरु बताउँछन् ।

# असोजमा नाक, कान, घाँटी रोग सम्बन्धी ३१ जना बिरामीको अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको चालु आर्थिक वर्षको असोज महिनामा नाक, कान, घाँटी रोग सम्बन्धी साना तथा ठुला गरेर ३१ वटा अप्रेसन भएको छ । नाक, कान, घाँटी रोग विशेषज्ञ प्राध्यापक डा.दीपेन्द्र गौतम नेतृत्वमा चिकित्सक, नर्स र स्वास्थ्यकर्मीले नाक, कान, घाँटी रोगको अप्रेसनदेखि उपचार सेवा बिरामीले पाइरहेका छन् । जसअनुसार गम्भीर प्रकृतिका २९ जना र सामान्य २ जना बिरामीको अप्रेसन सफलतापूर्वक गरिएको हो ।

त्यस्तै असोज महिनामा ८ सय ३० जना बिरामीले ओपीडीमार्फत नाक, कान, घाँटी रोगको उपचार सेवा पाएका छन् भने ४१ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या गएको असोज १ गतेदेखि ३१ गतेसम्मको हो ।

# असोजमा सर्जरी विभागद्वारा १ सय ९५ जना बिरामीको सफल अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्ष २०८३ सालको असोज महिनामा ठूला-साना गरेर १ सय बढी बिरामीको सफल अप्रेसन भएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार असोज १ गतेदेखि ३१ गतेसम्म प्रतिष्ठानमा सो संख्यामा बिरामीको सामान्यदेखि जटिल प्रकारका अप्रेसन भएका हुन् । चालु आर्थिक वर्षको असोज महिनामा गम्भीर प्रकृतिका १ सय ३ जना र सामान्य ९२ जना बिरामीको सफलतापूर्वक अप्रेसन गरिएको छ भने १ हजार २३ जना बिरामीले ओपीडीबाट सर्जरी सेवा पाएका छन् । त्यस्तै १ सय ४९ जना बिरामीले भर्ना भई सर्जरीको उपचार सेवा पाएका छन् ।

# असोजमा १५ जना न्यूरो सम्बन्धी बिरामीको सफल अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा सुपर स्पेशीयालीटी सेवा थपिएपछि उपचार गर्न आउने बिरामीको संख्या बढ्दै गइरहेको छ । यसैक्रममा प्रतिष्ठानमा पछिल्लो पटक न्यूरो सर्जरी सेवा सञ्चालनमा आएपछि बिरामीले स्थानीयस्तरमा नै विशेषज्ञ सेवा पाउन थालेका छन् । चालु आर्थिक वर्ष २०८३ सालको असोज महिनामा १५ जना बिरामीको न्यूरो सर्जरी सफलतापूर्वक सम्पन्न भएको छ । जसमा १० जना जटिल न्यूरो सम्बन्धी अप्रेसन भएका छन् भने ५ जना बिरामीको सामान्य न्यूरो सर्जरी भएको छ । न्यूरो सर्जरी सेवा प्राप्तीका लागि दाङ लगायत यस आसपासका बिरामीहरु जिल्ला बाहिर जानुपर्ने बाध्यता रहदै आएको थियो । प्रतिष्ठानमा विशेषज्ञ चिकित्सकसहितको न्यूरो सर्जरी सेवा सुरु भएपछि न्यूरो उपचार अब दाङकै प्रतिष्ठानमा हुन लागेको हो । प्रतिष्ठानले दिएको जानकारी अनुसार असोज १ गतेदेखि ३१ गतेसम्म प्रतिष्ठानमा सो संख्यामा बिरामीको सामान्यदेखि जटिल प्रकारका न्यूरो सर्जरी भएका हुन् । चालु आर्थिक वर्षको असोज महिनामा २ सय ४६ जना बिरामीले ओपीडीबाट न्यूरो सर्जरी सेवा पाएका छन् । त्यस्तै २७ जना बिरामीले भर्ना भई न्यूरो सर्जरी विभागबाट उपचार सेवा पाएका छन् । न्यूरो विशेषज्ञ चिकित्सकहरु डा.उपमा शर्मा र डा.विश्वास श्रेष्ठसहितको चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले न्यूरो सर्जरी सेवा प्रतिष्ठानलाई प्रदान गरिरहनु भएको छ ।

# राप्ती प्रतिष्ठानमा ७१ जना बिरामीको एक महिनामा हाडजोर्नी सम्बन्धी अप्रेसन

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको एक महिनाको अवधिमा साना तथा ठूला गरेर ७१ जना हाडजोर्नी सम्बन्धी रोगका बिरामीको अप्रेसन भएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार गएको असोज १ गतेदेखि ३१ गतेसम्म सो संख्यामा हाडजोर्नी सम्बन्धी बिरामीको सफलतापूर्वक शल्यकृया गरिएको हो । जस अनुसार गम्भीर र सामान्य खालका गरेर सो संख्यामा हाडजोर्नी रोगका बिरामीको अप्रेसन गरिएको छ । जसअनुसार गम्भीर प्रकृतिका ६९ जना र सामान्य २ जना बिरामीको हाडजोर्नी सम्बन्धी अप्रेसन गरिएको छ ।

प्रतिष्ठानमा एमआरआई, सिटिस्क्यानसहितको सेवा बिस्तारसँगै अनुभवी हाडजोर्नी रोगका विशेषज्ञहरुबाट बिरामीहरुले उपचार प्राप्त गर्दै आएका छन् । त्यस्तै प्रतिष्ठानबाट असोज महिनामा १ हजार ७ सय ८ जना बिरामीहरुले हाडजोर्नी सम्बन्धी उपचार ओपीडीमार्फत प्राप्त गरेका छन् भने ६७ जना हाडजोर्नी सम्बन्धी बिरामीलाई भर्ना गरी उपचार गरेर सेवा दिइएको छ । हाडजोर्नी रोगको राम्रो उपचारका लागि विगतमा जिल्ला बाहिर जानुपर्ने बाध्यता रहेकोमा प्रतिष्ठानमा हाडजोर्नी रोगको उपचार सुरु भएपछि बिरामीको त्यो बाध्यता विस्तारै अन्त्य हुँदै गएको छ ।

# असोजमा ओपीडीबाट १ हजार ४१ बालबालिकाले पाए बालरोग विशेषज्ञ सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चालु आर्थिक वर्षको असोज महिनामा १ हजार बढी बालबालिकाले ओपीडीबाट बालरोग विशेषज्ञ सेवा पाएका छन् । बालरोग विशेषज्ञ प्राध्यापक डा.दीपकराज पौडेलको नेतृत्वमा अन्य बालरोग विशेषज्ञ चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुबाट बिरामी बालबालिकाहरुले उपचार सेवा पाई रहेका छन् । त्यस्तै

असोज महिनामा १ हजार ४१ जना बालबालिकाले ओपीडी सेवामार्फत बाल रोगसम्बन्धी उपचार प्राप्त गरेका छन् भने २ सय २९ जना बालबालिकालाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या गएको असोज १ गतेदेखि ३१ गतेसम्मको हो ।

## प्रतिष्ठानमा असोजमा १ सय ९७ बिरामीले पाए मुटु रोगको विशेषज्ञ सेवा

दाङ । दाङको घोराहीस्थित राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा मुटुको कोरोनरी एन्जियोग्राफी र एनजियोप्लाष्टि सेवा सुरू भएपछि मुटु रोगको विशेषज्ञ उपचार सेवा अत्यन्तै प्रभावकारी बन्दै गएको छ । जिल्लामा यो सेवा सुरु भएसँगै हृदयघात भएका बिरामीहरुलाई जिल्लामै सहजै उपचार प्राप्त गर्न सक्नेछन् । मुटुको रक्तनलीको उपचार दाङमा यसरी पहिलो पटक सुरु भएको हो । यस अघि मुटुको उपचारका लागि जिल्ला बाहिर जानुपर्ने अवस्था रहेको थियो । मुटु रोगको उपचारका लागि क्याथ ल्याबसहित महत्वपूर्ण उपकरणहरु प्रतिष्ठानमा रहेको छ । मुटु रोगको उपचार सेवाका लागि विपन्न नागरिक औषधी उपचार कोषमा सूचिकृतका लागि निवेदन समेत पठाइएकाले सूचिकृत हुने बित्तिकै बिरामीलाई प्रतिष्ठानबाटै थप सहजता प्राप्त हुनेछ ।

यो सेवाका लागि फिजिसियन तथा मुटु रोग विशेषज्ञ डा.दिनेश उप्रेती नेतृत्वको टोली छ । डा.उप्रेतीले प्रतिष्ठानमा इन्टरभेन्सनल कार्डियोलोजी सेवा सुरु गर्न सक्षम बनाएको बताउनुभयो । उहाँले यस सेवाको सुरुवात कोरोनरी एन्जियोग्राफी तथा आकस्मिक पेरिकार्डियोसेन्टेसिसबाट गरिएको जानकारी दिनुभयो । मुटुको उपचार सेवा प्रतिष्ठामा प्राप्त हुन थालेपछि बिरामी खुशी भएका छन् । चालु आर्थिक वर्षको असोज महिनामा १ सय ९० जना बिरामीले ओपीडीमार्फत मुटु रोगको उपचार सेवा पाएका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार असोज १ गतेदेखि ३१ गतेसम्म ७ जना मुटु रोगका बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । त्यस्तै उप्रेतीको नेतृत्वमा रहेको मुटु रोग विशेषज्ञको टोलीले असोज महिनामा ७ वटा मुटुसम्बन्धी रोगका साना तथा ठुला अप्रेसन सफलतापूर्वक गरिसकेको छ ।

## प्रतिष्ठानमा प्रसूति सेवा लिने सेवाग्राहीको चाप उच्च, असोजमा ५ सय ३१ जना महिलाले सेवा पाए

दाङ । दाङको राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा प्रसूति सेवा लिनेको संख्या पछिल्लो समय बढेको छ । अस्पतालमा विशेषज्ञ जनशक्ति थपिनु, प्रसूति सेवामा सुधार हुनु तथा अस्पतालप्रति सेवाग्राहीको विश्वास बढ्दै जानुले प्रसूति सेवा लिनेको संख्या उल्लेख्य रूपमा बढेको हो । अस्पतालले दिएको तथ्याङ्क अनुसार एक महिनामा शल्यक्रियामार्फत प्रसूति सेवा १ सय ८९ जना महिलाले प्राप्त गरेका छन् । त्यस्तै ३ सय २५ जना महिलाले नर्मल प्रसूति सेवा पाएका छन् । यो संख्या असोज १ गतेदेखि साउन ३१ गतेसम्म हो ।

त्यस्तै एक महिनाको समयमा प्रतिष्ठानमा २ हजार ७ सय ८७ जनाले प्रसूति विभागबाट ओपीडी सेवा प्राप्त गरेका छन् भने ५ सय ९३ जना महिलालाई भर्ना गरेर उपचार गरिएको छ । पछिल्लो समय प्रसूति सेवामा सेवाग्राहीको चाप बढेसँगै विशेषज्ञ जनशक्ति थप गरिएको छ । अस्पताल प्रशासनले स्वास्थ्य संस्थामा सेवा बिस्तारसँगै सेवाको गुणस्तर सुधार हुँदै जाँदा स्थानीय तथा आसपासका क्षेत्रका महिला अस्पतालमा प्रसूति गराउन आकर्षित भएको जनाएको छ ।

## असोजमा ओपीडीबाट ६ सय ३२ बिरामीले मानसिक रोगको उपचार सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चालु आर्थिक वर्षको असोज महिनामा ६ सय बढी बिरामीले ओपीडीबाट मानसिक रोगको उपचार सेवा पाएका छन् ।

मानसिक रोग विशेषज्ञद्वय डा.सरोज उप्रेती र नितु बस्नेत नेतृत्वको चिकित्सक, नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले बिरामीहरुको उपचार गर्दै आइरहेको छ । जसअनुसार प्रतिष्ठानको मानसिक रोग विभागबाट ६ सय ३२ जना बिरामीले उपचार सेवा पाएका छन् भने ९ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो तथ्याङ्क असोज १ गतेदेखि ३१ गतेसम्मको हो ।

## प्रतिष्ठानमा भर्ना भएका (आइपीडी) बिरामीहरुको लागि छुट्टै काउन्टर

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको सेवालाई प्रभावकारी, चुस्त-दुरुस्त तथा व्यवस्थित बनाउने उद्देश्यले अस्पतालमा भर्ना भएका (आइपीडी) बिरामीहरुको लागि छुट्टै काउन्टरको व्यवस्था गरिएको छ ।

प्रतिष्ठानमा उपचारका लागि आउने बिरामीको संख्या बढ्दै गएपछि भीडभाड तथा लामो समयसम्म लाइनमा बस्नुपर्ने अवस्थालाई मध्यनजर गर्दै प्रतिष्ठानले भर्ना भएका बिरामीका लागि छुट्टै काउन्टर हालैदेखि सञ्चालनमा ल्याएको

प्रतिष्ठानका अस्पताल निर्देशक, सह-प्राध्यापक डा.सुरेश रसाइलीले जानकारी दिनुभयो । यसअघि प्रतिष्ठानमा स्वास्थ्य बीमा सेवाका लागि सेवाग्राहीको बढ्दो चापलाई व्यवस्थापन गर्न हाल तीन वटा ओपीडी टिकट काउन्टर सञ्चालनमा रहेका छन् । प्रतिष्ठानमा पछिल्लो समय उपचारका लागि आउने बिरामीको संख्या निरन्तर बढ्दै गएको छ । विशेषगरी स्वास्थ्य बीमामार्फत सेवा लिन आउने सेवाग्राहीको संख्या उल्लेख्य रहेकाले टिकट लिन काउन्टरमा भीड हुने गरेको थियो । सेवाग्राहीको समयमै टिकट वितरण गर्न तथा स्वास्थ्य बीमा सेवामा देखिएको चापलाई व्यवस्थापन गर्न यसअघि नै काउन्टर थप गरिएको प्रतिष्ठानले जनाएको छ । अस्पताल निर्देशक डा.सुरेश रसाइलीले भर्ना भएका बिरामीको सहजताको लागि काउन्टर थप गरिएको र त्यहाँबाट बिलिङ सुरु भएपछि सेवा छिटो छरितो हुने बताउनुभयो ।

## असोजमा ३ सय ९२ जना बिरामीले दन्तरोग सम्बन्धी उपचार सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको असोज महिनाभित्र ३ सय ९२ जना बिरामीले दाँत रोगसम्बन्धी उपचार सेवा पाएका छन् । सह-निर्देशक, मुख तथा अनुहार शल्य चिकित्सक डा.निरोज खनाल, दन्त रोग विशेषज्ञहरु डा.लोचना आचार्य, डा.आश्मा ओझा, डा.शुभेच्छा पाण्डे, डा.अश्मी बराल, डा.करिष्मा भण्डारी, डा.आकृति खड्गासहितको नर्स, स्वास्थ्यकर्मीको टोलीले दाँत, अनुहार तथा मुखसम्बन्धी शल्यक्रिया गर्दै आएको छ । प्रतिष्ठानले दिएको जानकारी अनुसार असोज महिनामा दन्त विभागको ओपीडीबाट ३ सय ८३ जना बिरामीले दाँतसम्बन्धी उपचार सेवा पाएका छन् भने ९ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ ।

त्यस्तै एक महिनाको अवधिमा मुख तथा अनुहार शल्यचिकित्सासहित दाँतसम्बन्धी गम्भीर प्रकृतिको ५ जना र सामान्य ८६ जना गरेर ९१ जना बिरामीको शल्यक्रिया गरिएको थियो । साथै दन्त विभागले विगत एक वर्षदेखि विभिन्न सामुदायिक तथा संस्थागत विद्यालयमा दाँत रोगसम्बन्धी जनचेतना फैलाउन दन्त रोग शिविर चलाउँदै आएको छ । यसैबीच अत्याधुनिक दाँतसहित मुखकै सिटी स्क्यान गर्ने मेसिन आएपछि दाँतको उपचार सेवा प्रभावकारी बन्दै गएको हो ।

## असोजमा ओपीडीबाट ७ सय बढी बिरामीले छालासम्बन्धी रोगको उपचार सेवा पाए

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट चालु आर्थिक वर्षको असोज महिनामा ७ सय बढी बिरामीले छाला तथा यौनसम्बन्धी रोगको उपचार सेवा पाएका छन् । छाला रोग विशेषज्ञद्वय डा.छेरीङ डोल्मा गुरुङ नेतृत्वमा नर्स र स्वास्थ्यकर्मीहरुको टोलीले बिरामीहरुको उपचार गर्दै आइरहेको छ ।

प्रतिष्ठानले दिएको जानकारी अनुसार असोज महिनामा ७ सय ६२ जनाले ओपीडी सेवामार्फत छाला तथा यौन रोगको उपचार प्राप्त गरेका छन् भने ५ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या गएको असोज १ गतेदेखि ३१ गतेसम्मको हो ।

## प्रतिष्ठानमा मेडिसिनतर्फ ३ हजार ९ सय ६५ जना बिरामीले पाए ओपीडी सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको असोज महिनामा मात्र ३ हजार बढी बिरामीले मेडिसिनतर्फ सेवा प्राप्त गरेका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार असोज महिनामा मेडिसिनतर्फ ३ हजार ९ सय ६५ जना बिरामीले उपचार सेवा पाएका छन् । एक महिनाको अवधिमा मेडिसिन सेवातर्फ ३ हजार ६ सय ८१ जनाले ओपीडी सेवा र २ सय ८४ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको प्रतिष्ठानले जनाएको छ । यो संख्या असोज १ गतेदेखि ३१ गतेसम्मको हो ।

## प्रतिष्ठानको इमर्जेन्सीबाट असोजमा ३ हजार ४ सय बढी बिरामीले पाए सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानमा चालु आर्थिक वर्षको असोज महिनामा इमर्जेन्सी सेवा ३ हजार ४ सय ४३ जनाले प्राप्त गरेका छन् । प्रतिष्ठानको सुरुमै उपचारमा आउने इमर्जेन्सी विभागले २ हजार २ सय २१ जनालाई उपचार सेवा दिएको छ । त्यस्तै प्रतिष्ठानले सुरु गरेको एमडिजिपिको ओपीडी सेवामार्फत असोजमा १ हजार २ सय ६२ जना बिरामीले सेवा पाएका छन् भने २९ जना बिरामीलाई भर्ना गरेर उपचार गरिएको छ । यो संख्या असोज १ गतेदेखि ३१ गतेसम्मको हो ।

## एक महिनामा प्रतिष्ठानको प्रयोगशालाबाट ४९ हजार बढीको परीक्षण

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानको प्रयोगशालाबाट एक महिनाको अवधिमा ४९ हजार २ सय २३ जना बिरामीको परीक्षण गरिएको छ । २०८३ असोज १ गतेदेखि ३१ गतेसम्मको तथ्याङ्क हो । उक्त अवधिमा प्रयोगशालामार्फत विभिन्न प्रकारका परीक्षण सेवा प्रदान गरिएको हो । स्वास्थ्य संस्थामा आउने बिरामीको आवश्यकताअनुसार प्रयोगशाला परीक्षण गरिँदै आएको छ । एक महिनामै ४९ हजारभन्दा बढी परीक्षण हुनुले प्रयोगशाला सेवाको माग तथा सेवाग्राहीको चाप उल्लेख्य रहेको छ । प्रयोगशाला सेवा स्वास्थ्य उपचार प्रणालीको महत्वपूर्ण हिस्सा हो ।

## प्रतिष्ठानको रेडियोलोजी विभागबाट ५ हजार ९ सय बढीले पाए सेवा

दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठानबाट एक महिनाको अवधिमा ५ हजार बढी बिरामीले रेडियोलोजी सेवा प्राप्त गरेका छन् । प्रतिष्ठानले दिएको जानकारी अनुसार रेडियोलोजी विभाग अन्तर्गत ५ हजार ९ सय ८६ जना बिरामीले सेवा प्राप्त गरेका हुन् । यो तथ्याङ्क असोज १ गतेदेखि ३१ गतेसम्मको हो । जसअनुसार ४ सय ४७ जनाले सिटी स्क्यान सेवा, १ सय १२ जनाले एमआरआई सेवा प्राप्त गरेका छन् । त्यस्तै भिडियो एक्सरे सेवा २ हजार ४ सय ४७ जनाले सेवा पाएका छन् । जसमा सिटी स्क्यान सेवातर्फ २ सय २७ जना पुरुष र २ सय २० जना महिला, एमआरआई सेवातर्फ पुरुष ६३ जना र महिला ४९ जनाले सेवा पाएका छन् ।

यसै गरेर एक्सरेतर्फ ५ हजार ४ सय २७ जना बिरामीले सेवा पाएका छन् । जसमा पुरुष तर्फ १ हजार ८ सय ८३ जना र महिलातर्फ २ हजार ४ सय ७१ जनाले एक्सरे सेवा पाएका छन् ।

## राप्ती प्रतिष्ठान र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबीच कार्यसम्पादन सम्झौता, बिरामी मैत्री सेवा प्रवाह उच्च प्राथमिकता



दाङ । राप्ती स्वास्थ्य विज्ञान प्रतिष्ठान र स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयबीच आर्थिक वर्ष २०८३/८४ का लागि कार्यसम्पादन सम्झौता हालै सम्पन्न भएको छ । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री निशा मेहताले प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्रबीच कार्यसम्पादन सम्झौता गर्नुभएको हो । सम्झौतामा अस्पतालको सरसफाइ तथा स्वच्छता कायम गर्ने, बिरामीलाई समयमै शैया उपलब्ध गराउने, उपचारका लागि लाग्ने प्रतीक्षा समय न्यूनीकरण गर्ने र स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धि गर्ने विषयलाई प्राथमिकता दिइएको छ । त्यसैगरी, स्वास्थ्यकर्मीको सेवामैत्री व्यवहार, संस्थागत सुशासन, पारदर्शिता तथा जवाफदेहिता सुनिश्चित गर्ने विषयसमेत सम्झौतामा समेटिएका छन् । सम्झौतापछि प्रतिष्ठानका उपकुलपति प्रा.डा.अजयकुमार मिश्रले बिरामीलाई केन्द्रमा राखेर स्वास्थ्य सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय र सेवामैत्री बनाउने दिशामा यो सम्झौता महत्वपूर्ण हुने बताउनुभयो । उहाँले स्वास्थ्य सेवामा सुधार ल्याउन अस्पतालको सरसफाइ, बिरामीले समयमै उपचार पाउने व्यवस्था, स्वास्थ्यकर्मीको व्यवहार तथा सेवा प्रवाहको प्रभावकारितामा विशेष ध्यान दिन कार्य सम्पादन सम्झौताले थप सहयोगी हुने बिश्वास व्यक्त गर्नु भयो । सम्झौतामा उल्लेखित लक्ष्य कार्यान्वयन गर्दै सेवाग्राहीले प्रत्यक्ष अनुभूति गर्ने गरी सुधारका प्रयास अघि बढाइने उहाँको भनाई छ । उपकुलपति मिश्रले सम्झौतालाई बिरामीमैत्री, गुणस्तरीय, सहज, सुलभ तथा सम्मानजनक स्वास्थ्य सेवा प्रवाह गर्ने आफ्नो प्रतिबद्धतालाई थप सुदृढ बनाउने महत्वपूर्ण अवसरका रूपमा लिएको पनि उल्लेख गर्नुभयो ।

"सेवाग्राहीले प्रत्यक्ष अनुभूति गर्ने गरी स्वास्थ्य सेवामा सुधार ल्याउने र अस्पतालको सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने दिशामा प्रतिष्ठान प्रतिबद्ध रहेको छ" उहाँले भन्नुभयो । कार्य सम्पादन सम्झौता कार्यक्रममा मन्त्रीका विज्ञ सल्लाहकार डा.मनोहर प्रधान र मन्त्रालय सचिव डा.बिकास देवकोटाको विशेष उपस्थिती रहेको थियो । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्री मेहताले अस्पतालको सरसफाइ, शैया उपलब्धता, बिरामीको प्रतीक्षा समय न्यूनीकरण र स्वास्थ्य सेवाको गुणस्तर सुधारलाई प्राथमिकतामा राख्दै राप्ती प्रतिष्ठानसहित ६ वटा स्वास्थ्य विज्ञान प्रतिष्ठानका उपकुलपतिसँग आर्थिक वर्ष २०८३/८४ का लागि कार्यसम्पादन सम्झौता गर्नुभएको हो ।

हालै सम्झौता गर्दै मन्त्री मेहताले बिरामीले सहज, गुणस्तरीय र सम्मानजनक स्वास्थ्य सेवा प्राप्त गर्ने वातावरण सुनिश्चित गर्नुपर्ने बताउनुभयो । मन्त्रालयका सचिव डा.बिकास देवकोटाले समेत १९ वटा सङ्घीय अस्पतालका प्रमुखसँग आर्थिक वर्ष २०८३/८४ का लागि कार्यसम्पादन सम्झौता गर्नुभएको छ ।


**संरक्षक**

**प्रा.श्याम लम्साल**

रजिष्ट्रार

**प्रधानसम्पादक**

प्रा.डा.विकास गौचन

**व्यवस्थापक**

निशान दाजु भट्टराई

सम्पर्क : फोन नं: ९८०१३४८८४५

ई-मेल:

*itdepartment@rahs.edu.np*

*registrar@rahs.edu.np*

*sarayu@rahs.edu.np*